नगर कार्यपालिका बैठकबाट स्वीकृत मितिः २०८०/०३/२९

प्रमाणिकरण मितिः २०८०/०४/०५

# सहकारी संस्था एकिकरण सम्बन्धि कार्यविधी, २०८०

## इटहरी उपमहानगरपालिका

नगर कार्यपालिकाको कार्यालय

इटहरी, सुनसरी

कोशी प्रदेश, नेपाल

# सहकारी संस्था एकिकरण सम्वन्धी कार्यविधी, २०८०

इटहरी उपमहानगरपालिकाको कार्यक्षेत्रमा पर्ने सहकारी संघ/संस्थालाई एकीकरण गरी दोहोरो सदस्यता र कार्यक्षेत्रलाई एकिकृत गर्न, सबल र सक्षम संघ/संस्थाको निर्माण गर्न, संस्थालाई पुँजी, भौतिक तथा मानविय संसाधनद्वारा सक्षम र आत्मनिर्भर बनाउन तथा संचालन खर्चमा कटौती गर्न सदस्यहरुलाई प्रदान गर्ने सेवाको परिमाण र गुणस्तरमा वृद्धि गरि संघ/संस्थाहरुको दिगो विकास गर्न सहकारी संघ/संस्थाहरु एक आपसमा एकीकरण गर्ने सम्वन्धमा व्यवस्था गर्न वान्छनीय भएकोले इटहरी उपमहानगरपालिकाको सहकारी ऐन २०७५ को दफा १०४ बमोजिम इटहरी उपमहानगरपालिकाले यो कार्यविधी बनाएको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ** : (१) यस कार्यविधीको नाम "सहकारी संघ/संस्था एकीकरण कार्यविधी २०८०" रहेको छ ।

(२) यो कार्यविधी कार्यपालिकाले स्वीकृत गरेको मितिदेखि लागु हुनेछ ।

**२. परिभाषा** : बिषय वा प्रसंङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधीमा :-

(क) "एकीकरण" भन्नाले दुइ वा दुइ भन्दा बढी संघ/संस्थाहरु बीच एक आपसमा भएको सम्झौता बमोजिम एकीकरण हुने कार्य सम्झनु पर्छ र सो शव्दले दुई वा दुई भन्दा बढी संघ/संस्था एक आपसमा गाभिइ नयाँ संस्था बन्ने कार्य समेतलाई जनाउँछ ।

(ख) "ऐन"भन्नाले इटहरी उपमहानगरपालिकाको सहकारी ऐन २०७५ लाई सम्झनु पर्छ ।

(ग) "नियमावली" भन्नाले इटहरी उपमहानगरपालिकाको सहकारी नियमावली सम्झनुपर्दछ ।

(घ) "कार्यपालिका" भन्नाले इटहरी उपमहानगरपालिकाको कार्यपालिकालाई सम्झनु पर्छ ।

(ङ) "नगर सहकारी समिति" भन्नाले ऐनको दफा (३) बमोजिमको समितिलाई सम्झनु पर्दछ ।

(च) " कार्यदल" भन्नाले दफा ४ को उपदफा (१) को खण्ड (ग) बमोजिमको कार्यदल सम्झनु पर्दछ ।

(छ) "कार्यालय" भन्नाले इटहरी उपमहानगरपलिकाको कार्यालय सम्झनु पर्दछ ।

(ज) "शाखा" भन्नाले इटहरी उपमहानगरपालिकाको सहकारी बिषय हेर्ने शाखालाई सम्झनु पर्दछ ।

(झ) “दर्ता गर्ने अधिकारी” भन्नाले ऐनको दफा ७१ बमोजिमको अधिकारी सम्झनु पर्दछ र सो शव्दले दर्ता गर्ने अधिकारीबाट प्रत्यायोजित अधिकार प्रयोग गर्ने अधिकृत कर्मचारी समेतलाई जनाउँछ ।

(ज) “संघ/संस्था” भन्नाले इटहरी उपमहानगरपालिकाको सहकारी ऐन २०७५ बमोजिम दर्ता भएका तथा साविकमा विभिन्न डिभिजन सहकारी कार्यालयमा दर्ता भई इटहरी उपमहानगरपालिकामा हस्तान्तरण भइ आएका सहकारी संघ/संस्थाहरु समेतलाई जनाउँछ ।

(झ) “मापदण्ड” भन्नाले सहकारी ऐन बमोजिम इटहरी उपमहानगरपालिकाले स्वीकृत गरको सहकारी मापदण्ड सम्झनुपर्दछ ।

## परिच्छेद-२

## योग्यता तथा प्रारम्भिक निवेदन सम्वन्धी व्यवस्था

**३. एकीकरण गर्न सकिने संघ/संस्थाहरु :** (१) देहाय बमोजिमका संघ/संस्थाहरुलाई एकीकरण गर्न सकिनेछ :

(क) एउटै कार्यक्षेत्र भित्र रहेका एक भन्दा बढी सहकारी संस्थाहरु।

(ख) फरक वडा कार्यक्षेत्र भए पनि कार्यक्षेत्र जोडिएका संघ/संस्थाहरु।

(ग) एउटै बिषय वा प्रकृति भएका वा फरक बिषय वा प्रकृति भए तापनि एकै स्थामा रहेका र मुलतः एकै विषयमा प्रतिस्पर्धा भएका संघ/संस्थाहरु।

(घ) सहकारी नियमावलीको नियम ५ मा भएको व्यवस्था अनुरुप प्रत्येक वडामा रहेको जनसंख्याका आधारमा प्रत्येक पाँच हजार जनसङ्ख्यामा एउटा संस्थामा नबढ्ने गरी वचत तथा ऋण सहकारी संस्था संख्या कायम गर्नुपर्ने भएमा।

(ङ) खण्ड (घ) बमोजिम सहकारी संस्थाको एकीकरण गर्दा यस कार्यविधीमा उल्लेख भएको विषयमा यसै कार्यविधी बमोजिम र यस कार्यविधीमा उल्लेख नभएको विषयमा मापदण्ड र संघिय सहकारी एकीकरण सम्वन्धि निर्देशिका २०७७ बमोजिम हुनेछ।

(च) यस भागमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि पालिकाको नियमन क्षेत्र भित्रका सहकारी संस्थाहरुले प्रदेश सरकार र संघिय सरकारको नियमन क्षेत्र भित्रका सहकारी संस्थाहरु सँग एकीकरण हुन चाहेमा यो कार्यविधी जारी भएको १ वर्ष भित्र एकीकरणको कार्य सम्पन्न गरिसक्नुपर्नेछ।

**४. एकीकरणको व्यवस्थापन :** (१) संघ/संस्थाहरु एकीकरण गर्दा देहाय बमोजिमका विधीहरुको आधारमा गरिनेछः-

(क) एकीकरण गरिने संघ/संस्थाहरुको आवश्यकता पहिचान गर्ने,

(ख) एकीकृत हुने संघ/संस्थाहरुको शेयर सदस्य तथा सञ्चालक समिति, लेखा समिति र अन्य उपसमितिका सबै सदस्य वा पदाधिकारी अथवा आवश्यकता अनुसारको उपस्थितिमा एकीकरण सम्बन्धी अन्तक्रिया छलफल कार्यक्रमको सञ्चालन गरी सहमति जुटाउने,

(ग) उपर्युक्त अन्तरक्रिया छलफल पश्चात एकीकृत हुन चाहने संघ/संस्थाहरुको सञ्चालक समितिको बैठकबाट एकीकरणको निमित्त शर्त र कार्यविधी तयार पार्न अध्यक्ष सहितघटीमा ५ सदस्यीय संयुक्त कार्यदल निर्माण गर्ने

(घ) कार्यदलले शर्त तथा कार्यविधीमा गहन बहस र छलफल पश्चात अनुसुची-१ बमोजिम शर्त तथा कार्यविधी तयार गरी बढीमा १५ दिन भित्र एकीकृत हुन चाहने संघ/संस्थामा प्रस्तुत गर्ने,

(ङ) कार्यदलले प्रस्तुत गरेको शर्त र कार्यविधीलाई एकीकृत हुन चाहने संघ/संस्थाहरुको सञ्चालक समितिको बैठकबाट अन्तिम रुप प्रदान गरी साधारण सभामा कुल सदस्य संख्याको वहुमतबाट पारित गर्नुपर्नेछ।

(च) एकीकरण हुने संघ/संस्थाहरुले सम्वन्धित शाखा र छाता संघ सँग आवश्यक राय सुझाव र सहमति प्राप्त गर्ने ।

**५. <u>योग्यता</u> :** एकै प्रकृति वा बिषयका संघ/संस्थासँग एकीकरण गर्न सकिनेछ । तर एकै कार्यक्षेत्रमा विभिन्न विषय र प्रकृतिका संघ/संस्थाहरु रहेको भएमा फरक बिषय वा प्रकृतिका भएतापनि नगर सहकारी समितिले एकीकरण गर्न स्वीकृति प्रदान गर्न सक्नेछ ।

**६. <u>पूर्व स्वीकृति लिनुपर्ने</u>** :(१) दफा ५ बमोजिम योग्यता भएका दुइ वा दुइ भन्दा बढी संघ/संस्थाले एक आपसमा एकीकरण हुन चाहेमा एकीकरण कार्यको समय सीमा र तोकिएको प्रस्तावित कार्ययोजना सहित आ-आफ्नो सञ्चालक समितिबाट प्रस्ताव पारित गरि स्वीकृतिका लागि शाखामा निवेदन दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त निवेदनको आधारमा शाखाले अध्ययन गरी एकीकरणका लागि योग्य देखिएमा सिफारिस सहित नगर सहकारी समितिको बैठकमा पेश गर्नेछ ।

(३) उपदफा (१) बमोजिमको निवेदन तथा कार्ययोजना र उपदफा (२) बमोजिमको शाखाको सिफारिसको आधारमा नगर सहकारी समितिले संस्था एकीकरणको कार्य अगाडी वढाउन स्वीकृति दिने निर्णय गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिम भएको निर्णय अनुरुप संस्था एकीकरणको लागि शाखाले सम्वन्धित संघ/संस्थाहरुलाई एकिकरणको पूर्व स्वीकृति दिनुपर्नेछ ।

(५) यस भागमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि ऐन प्रारम्भ भएपछि यस कार्यविधी लागु हुनुपुर्व एकीकरण प्रक्रियाको सुरु गरिसकेका संस्थाको हकमा एक पटकको लागि पूर्व स्वीकृति नलिएको भएतापनि संघ/संस्था एकीकरण गर्ने गरी स्वीकृति दिन यस उफदफाले बाधा पुऱ्याएको मानिने छैन ।

## परिच्छेद-३

## सम्पत्ति तथा दायित्व सम्झौता तथा अन्तिम स्वीकृति

**७. सम्पत्ति तथा दायित्वको मुल्याङ्कन सम्वन्धी व्यवस्था** : (१) शाखाबाट पूर्व स्वीकृति लिएपछि एकीकरण हुन चाहने संघ/संस्थाहरुले आ-आफ्नो सम्पत्ति र दायित्व तथा कारोवारको पछिल्लो मूल्याङ्कन गराउनु पर्ने अवस्था भए मूल्याङ्कनकर्ता नियुक्ति गरी सम्पत्ति र दायित्वको मूल्याङ्कन गराउनु पर्नेछ ।

(२) मूल्याङ्कनकर्ताले पेश गर्ने प्रतिवेदनमा उपदफा (१) मा उल्लेखित कुराका अतिरिक्त संघ/संस्थाको देहाय बमोजिमका विषयहरुमा किटानका साथ राय पेश गर्नुपर्नेछ र एकीकरण कार्यबाट उक्त बिषयमा पर्ने प्रभावको विस्तृत विश्लेषण समेत गरेको हुनुपर्नेछ :-

(क) कर्जा बर्गिकरण,
(ख) कर्जा नोक्सानी व्यवस्थाको पर्याप्तता,
(ग) प्रचलित कानून तथा नियमनको पालनाको स्थिति,
(घ) तरलताको विवरण,
(ङ) जनशक्ति व्यवस्थापन र
(च) अन्य आवश्यक विषयहरु

**८. एकिकरणको साधारणसभामा प्रस्तुत गरिने विषयहरु :** (१) संघ/संस्था एकिकरण कार्यको लागि साधारण सभामा निम्न बिषयहरु पेश गरी पारित गराउनु पर्नेछ :-
(क) अनुसूची-१ बमोजिमको ढाँचामा प्रस्तुत गरिएको शर्त तथा कार्यविधि सम्वन्धी विवरण,
(ख) एकिकृत हुने अघिल्लो दिन सम्मको वासलात
(ग) आन्तरिक लेखापरिक्षण प्रतिवेदन,
(घ) साधारण सभाबाट एकीकरणको स्वीकृति लिने कार्यका लागि अधिकार प्रत्यायोजन गरि प्रतयेक संस्थाबाट वढीमा तिनजना प्रतिनिधी तोक्ने कार्य,
(ङ) एकीकरण पछि कुनै विवाद भए विवाद समाधान गर्न एकीकृत हुन आउने संघ/संस्थाबाट बढीमा ५ जनाको विवाद समाधान समिति गठन गर्ने,
(च) एकीकृत संघ/संस्थाहरको सम्पत्ति (स्थायी भए) नियमानुसार नामसारी सम्वन्धि विषय,
(छ) संघ/ संस्थाहरुको ऋण लगानी, ऋण असुली र भुक्तानी वचत तथा ऋणको व्याजदर, सदस्यताको क्रम संख्या, शेयर प्रमाण पत्र लिनेदिने, कर्मचारी व्यावस्थापन कारोवार स्थगन जस्ता बिषयहरुमा कुनै छुट्टै व्यवस्था गर्नुपर्ने भए सो समेत निर्णय गर्ने ।

**९. सम्झौता सम्बन्धी व्यवस्था** :_(१) कार्यालयबाट एकीकरण कार्य अगाडि बढाउन दफा ६(४) बमोजिम पूर्व स्वीकृति प्राप्त गरेका वा दफा ६(५) बमोजिम संघ/संस्थाले देहायका कुराहरु खुल्ने गरी एक आपसमा सम्झौता सम्पन्न गर्नु पर्नेछ :-

(क) एकीकरण हुने संघ/संस्थाको एकीकरण भएपछि रहने नाम, ठेगाना र संयुक्त कार्यक्षेत्र तथा सदस्यता सम्वन्धमा,

(ख) सदस्यहरुको हक हित संरक्षण गर्ने सम्वन्धमा,

(ग) संघ/संस्थाको सम्पत्तिको मूल्याङ्कन, सम्पत्ति र दायित्वको हिसाव मिलान पद्धति,

(घ) एकीकरण गर्न लाग्ने अनुमानित समय,

(ङ) संघ/संस्थाको विनियमावली, कार्य सञ्चालन सम्बन्धी नियमावलीहरु, वचत तथा ऋण नीति र निर्देशिका एकिकरण पछि कायम हुने संघ/संस्थाको नाम,

(च) एकीकरण भएपछिको पूँजी संरचना तथा स्वामित्व संरचना,

(छ) एकीकरण भएपछिको संघ/संस्थामा जनशक्ति व्यवस्थापन योजना तथा कर्मचारी व्यवस्थापन सम्वन्धी अन्य व्यवस्थाहरु,

(ज) प्रचलित सहकारी कानूनको पालनाको लागि पुरा गर्नुपर्ने विषय र स्वीकृति प्रक्रिया,

(झ) संस्थागत पुनरसंरचना, एक आपसमा सदस्यता सेवा केन्द्रहरुको मिलान तथा सञ्चालन व्यवस्था,

(ञ) कार्यालयले तोकेका अन्य आवश्यक विषयहरु ।

**१०. एकीकरणको लागि निवेदन दिने** : (१) दफा ६(४) बमोजिम पूर्वस्वीकृति प्राप्त गरेका वा दफा ६(५) बमोजिम पूर्वस्वीकृति प्राप्त नगरेका संघ/संस्थाले ऐनको दफा ६७ को प्रक्रिया पुरा गरी एक आपसमा एकीकरण हुन चाहेमा एकीकरण कार्यको समय सीमा र तोकिएको प्रस्तावित कार्ययोजना सहित विद्यमान पूँजी संरचना अनुसार आ-आफ्नो सधारणसभाबाट प्रस्ताव पारित गरी सो सम्वन्धी कार्य अगाडी बढाउन सञ्चालक समितिलाई अख्तिारी प्रदान गर्नुपर्ने ।

(२) उपदफा (१) बमोजिम पारित एकीकरण प्रस्तावका आधारमा दुवै सञ्चालक समितिको निर्णय सहित संयुक्त रुपमा शाखामा अनुसूचि २ को ढाँचामा निवेदन दिनु पर्नेछ ।

**११. शाखाले अपनाउनुपर्ने कार्यविधी :** (१) एकीकरणको लागि निवेदन पेश भएपछि शाखाले देहाय बमोजिमको कार्यविधी अपनाउनु पर्नेछ ।

(क) शाखाले एकीकरणको लागि पूर्व स्वीकृति लिएका र दफा ६(५) मा उल्लेखित अवस्थाका भएका सहकारी संस्थाहरु एकीकरण पश्चात आउन सक्ने कानूनी जटिलताको बिषय यकिन गर्ने,

(ख) एकीकरण हुने संघ/संस्थाहरुको सधारणसभाको कूल कायम रहेको सदस्य संख्याको बहुमतबाट नियमानुसारको प्रस्ताव पारित भए वा नभएको हेर्ने,

(ग) शाखाले एकीकरण सम्वन्धी १५ दिने सूचना तयार गरी राष्ट्रिय वा स्थानिय स्तरको दैनिक पत्रिका र स्थानिय एफ.एम मा प्रकाशन तथा प्रशारण गर्ने गराउने साथै सो को जानकारी जिल्ला सहकारी संघ, सुनसरी तथा सम्वीन्धत विषयको जिल्ला विषयगत संघ भए सो लाई समेत गराउने,

(घ) खण्ड (ग) बमोजिमको सूचना सम्वन्धित संस्थाको सूचना पाटीमा समेत टाँस गर्न लगाई सदस्यको उजुरी वा गुनासो माग गर्ने व्यवस्था मिलाउने,

(ङ) सूचनाको अवधि भित्र गुनासो वा उजुरी परे नपरेको र परेको भए कस्तो उजुरी हो सोको अध्ययन गर्ने साथै शाखाबाट खुलाउनु पर्ने विषय खुलाएर एकीकरण सम्बन्धि निर्णय लिने आधार तयार गर्ने,
(च) खण्ड (ङ) बमोजिम समेतको आधारमा संघ/संस्थाहरु एकीकरण गर्न उपर्युक्त देखिएमा सो आधार सहित एकिकरण कार्यका लागि निर्णय गर्न नगर सहकारी समितिको बैठकमा पेश गर्ने,
(छ) खण्ड (च) बमोजिमको शाखाको सिफारिस समेतका आधारमा संघ/संस्था एकीकरण गर्न उपयुक्त देखिएमा नगर सहकारी समितिले एकिकरणका निर्णय गर्ने वा आवश्यक सुझाव सहित शाखामा फिर्ता पठाउने,
(ज) खण्ड (छ) बमोजिम आवश्यक सुझाव सहित फिर्ता आएमा शाखाले आवश्यक प्रक्रिया पुरा गरि पुन : नगर सहकारी समितिको बैठकमा पेश गर्ने यसरी पेश हुन आएको प्रस्तावमाथि छलफल गरि नगर सहकारी समितिले संघ/संस्था एकीकरणको निर्णय गर्ने,
(झ) खण्ड (छ) वा (ज) बमोजिम भएको सहकारी समितिको निर्णय कार्यान्वयन गर्नु शाखाको कर्तव्य हुने,
(ञ) एकीकरण कार्य सम्पन्न भएको सूचना पत्र पत्रिकामा प्रकाशति गर्न सम्वन्धित संस्थालाई निर्देशन दिने ।
(ट) संघ/संस्था एकीकरण गरे पछि मुल संस्थाको दर्ता कायम राखी अन्य संस्थाको लगत कट्टा गर्ने र सो को जानकारी जिल्ला सहकारी संघ, जिल्ला बिषयगत संघ, कोशी प्रदेश सहकारी रजिष्ट्रार कार्यालय, सहकारी विभागमा पठाउने ।

**१२. अन्तिम स्वीकृति सम्बन्धी व्यवस्था :** (१) एकीकरणका लागि आवश्यक प्रक्रिया अगाडि बढाउन पूर्वस्वीकृति पाएका संघ/संस्थाले दफा ७ बमोजिमको मूल्याङ्कन प्रतिवेदन र दफा ९ बमोजिमको सम्झौता पत्र सहित अन्तिम स्वीकृतिको लागि शाखामा संयुक्त रुपमा देहायका थप कागजात संलग्न गरी निवेदन दिनु पर्नेछ :
(क) एकीकरण हुने संघ/संस्थाको पछिल्लो आर्थिक वर्षको लेखापरिक्षण भएको लेखापरीक्षकको प्रतिवेदन सहितको बार्षिक प्रतिवेदन,
(ख) एकीकरण गर्ने सम्बन्धमा कुनै समझदारी पत्र भए त्यस्तो समझदारी पत्र र एकीकरणको लागि संयुक्त कार्यदल गठनको निर्णय,
(ग) एकीकरण हुने संस्थाको चल अचल सम्पत्ति तथा दायित्वको पछिल्लो यथार्थ विवरणको मुल्याङ्कनको लागि नियुक्त मूल्याङ्कनकर्ताको प्रतिवेदन,
(घ) एकीकरण हुने संघ/संस्थाको नाम, ठेगाना,
(ङ) एकीकरण सम्वन्धमा स्वीकृत भएको अन्तिम कार्ययोजना,
(च) कार्यालयले तोकेको अन्य कागजात तथा विवरण,
(छ) एकीकृत हुन आउने संस्थाहरुले अनुसूची-२ बमोजिमको संयुक्त आवेदन,
(ज) एकीकरणको निर्णयहरुको प्रमाणीत प्रतिलिपी,
(झ) अनुसूची १ बमोजिमको एकीकरणको शर्त र कार्यविधी,
(ञ) एकीकरण हुने संघ/संस्थाहरुको छुट्टाछुट्टै र संयुत्तः वासलात,
(ट) शाखाको स्वीकृतिमा स्थानिय पत्र पत्रिकामा संस्था एकिकरणमा जान लागेको कुराको सार्वजनिक सूचना जारी गरेको सूचना,

(ठ) उक्त सूचना प्रकाशित भएपछि एकीकरण सम्पन्न नभएसम्म कुनै आर्थिक कारोवार नगर्ने, एकीकरणका लागि शाखामा पत्राचार गर्दा एकीकृत हुन चाहने संघ/संस्थाहरुको अघिल्लो वर्षको साधारण सभाद्वारा अनुमोदित लेखापरीक्षण प्रतिवेदन तथा चालु वर्षको आन्तरिक लेखापरीक्षण प्रतिवेदन समेत संलग्न राख्नु पर्ने,

(ड) एकीकृत संघ/संस्थाको विनियममा एकीकृत संघ/संस्थाको नामबाट भए गरेको कामकारबाही यस विनियम बमोजिम भए गरेको मानिनेछ भन्ने प्रावधान पनि समावेश गर्ने, यसका लागि विनियम संसोधन प्रस्ताव पारित गराउने,

(ढ) सम्पूर्ण कागजातहरु एकीकृत हुन चाहने संघ/संस्थाको अध्यक्षहरुबाट प्रमाणित गरी पेश गर्नु पर्नेछ ।

(त) शाखाको स्वीकृतिमा प्रकाशन तथा प्रशारण हुने सूचना सम्वन्धि खर्च सम्वन्धीत संस्थाले व्यहोर्ने ।

## परिच्छेद ४
## विविध

**१३. <u>एकीकरण सम्बन्धी अन्य व्यवस्था</u> :** (१) संघ/संस्था एक आपसमा एकीकरण गर्दा आवश्यकता अनुसार देहाय बमोजिमको छुट प्रदान गर्न सकिनेछ :

(क) दुइ वा दुइभन्दा वढी एकै प्रकृतिका सहकारी संस्थाहरु एकीकरण गर्न चाहने संस्थाहरुले साविकमा स्वीकृति पाइ कारोवार गरिरहेको कार्यक्षेत्र जोडिएको भएमा कार्यक्षेत्र पुनःनिर्धारण गरेर मात्र सो प्रतिवेदनमा उल्लेख भए बमोजिम कार्यक्षेत्र प्रदान गर्न सकिनेछ ।

(ख) एकीकरण गर्दा खण्ड (क) बमोजिम ठुलो कार्य क्षेत्र रहेको अवस्था भए उपयुक्त स्थानमा सदस्यता सेवा केन्द्र खोल्न दिन सकिनेछ ।

(ग) फरक विषयका संस्थाहरु एकीकरण हुने भएमा त्यस्ता संस्थाहरुलाई संस्थाले चाहेको विषय वा प्रकृति राख्न स्वीकृति प्रदान गर्न सकिने छ।

**१४. <u>एकीकरण पश्चात गर्नुपर्ने कुराहरु</u>** : (१) एकीकृत भएका संघ/संस्थाले एकीकरण पश्चात देहाय बमोजिमका कार्यहरु गर्नुपर्नेछ :-

(क) एकीकरणमा सामेल भएका संघ/संस्थाहरु संस्थाको मूल कार्यालय भन्दा टाढा भए सदस्यता सेवा केन्द्र खोल्ने स्वीकृति लिई नियमित कार्यसञ्चलन गर्न सक्नेछन,

(ख) कर्मचारीको जिम्मेवारी बाँडफाँड, सञ्चालक र लेखा सुपरीवेक्षण  समितिको जिम्मेवारी वाँडफाँडमा विशेष ध्यान दिने,

(ग) एकीकरण पछि सञ्चालक र लेखा सुपरीवेक्षण समितिको निर्वाचन गर्नुपर्ने भए बिशेष साधारण सभा बोलाई निर्वाचन गर्नुपर्नेछ ।

**१५. <u>एकीकरणमा सहजीकरण गर्न सकिने</u> :** (१) देहायको अवस्थाबाट एकीकरण गर्न अनुरोध भै आएमा शाखाले एकीकरण प्रक्रियामा सहजीकरण गर्न सक्नेछ :-

(क) एकै स्थानमा एकै बिषयका धेरै संस्थाहरु सञ्चालन भएको,

(ख) एकै बिषय र प्रकृति मिल्ने खालका संस्थाहरु दर्ता भै सञ्चालन रहेका,

(ग) दुइ वा दुइ संस्थाहरु एक आपसमा एकीकरण गर्दा सहकारी अभियानलाई सहयोग पुग्ने देखिएको ।

**१६. <u>विविध</u> :** (१) एकीकरण हुने संघ/संस्थाको सम्पत्ति र दायित्वको विवरण प्राप्त गरेपछि एकिकृत भएको संघ/संस्थाले सो सम्पत्ति तथा दायित्वको हिसावकिताव दुरुस्त राख्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(२) नगर सहकारी समितिको निर्णय बमोजिम शाखाले संघ/संस्था एकीकरण गर्न अन्तिम स्वीकृति दिए पश्चात एकीकरण कार्य तोकिएको समयमा कार्यान्वयन नगरेको पाइएमा एकीकरण स्वीकृति वदर गरी कारवाही गर्न सकिनेछ ।

**१७. <u>बाधाअड्काउ फुकाउने</u> :** यस कार्यविधी बमोजिम कार्यसम्पादन गर्दा वाधा अड्काउ परेमा नगर सहकारी समितिले निर्णय गरि त्यस्तो वाधाअड्काउ फुकाउन सक्नेछ ।

**१८. <u>संसोधन तथा परिमार्जन</u> :** कार्यपालिकाले आवश्यकता अनुसार यस कार्यविधीमा संसोधन तथा परिमार्जन गर्न सक्नेछ ।

**१९. <u>बचाउ तथा खारेजी</u> :** (१) सहकारी संस्था एकीकरण सम्वन्धी कार्यविधी २०७७ खारेज गरिएको छ ।
(२) सहकारी संस्था एकीकरण सम्वन्धी कार्यविधी २०७७ बमोजिम भए गरेका काम कारबाही यसै कार्यविधी बमोजिम भए गरेको मानिने छ ।

अनुसुची १

## सहकरी एकिकरण शर्त तथा कार्यविधी ढाँचा फारम

इटहरी उपमहानगरपालिकाको सहकारी ऐन, नियम तथा संघ संस्थाको विनियममा भएको व्यवस्था अनुसार.......................................... सहकारी संस्था लि.........र ................................ संस्था लि. ............. को एकिकरण गर्दा शर्त र कार्यविधी खोली एकिकरण प्रक्रियालाई अघि वढाउनु पर्ने भएकाले निम्नलिखित शर्त र कार्यविधीका अधिनमा रही एकिकरण कार्यसम्पन्न गर्ने यस साधारण सभाले गरेको निर्णय कार्यान्वयनका लागि इटहरी उपमहानगरपालिका सहकारी शाखा, सुनसरीलाई अनुरोध गर्ने समेत निर्णय गरियो ।

| क्र. स. | विषय | एकिकरण शर्त | एकिकरणको कार्यविधी | कैफियत |
|---|---|---|---|---|
| १ | नाम | ........................ सहकारी संस्था लि., (दर्ता ................. ...................... तथा .....................सहकारी संस्था लि. (दर्ता नं. ..................) रहेकोमा दुवैलाई एकिकृत गरि एउटै नामबाट संस्थाको सञ्चालन गर्ने ।दुवै संघ/संस्थालाई एकिकृत गरि ..............................सहकारी संस्था लि., कायम गर्ने । | दुवै संस्थाको साधारण सभाबाट पारित गराई इटहरी उपमहानगरपालिका सहकारी शाखाबाट एकिकरणको स्वीकृति लिइ ................................................ सहकारी संस्था लि. को नामबाट सञ्चालन गर्ने । | |
| २ | कार्यालय | .......................................... सहकारी संस्था लि.को हालको कार्यालय इटहरी उपमहानगरपालिका ............................ र ................................ सहकारी संस्था लि., ...................... को हाल कार्यालय ...................... रहेकोमा दुवै स्थानबाट कार्यालय सारी इटहरी ........ कै उपयुक्त स्थानमा रहने गरी कार्यालय एउटै बनाउने । | साविक ..................सहकारी संस्था लि. र .................. सहकारी संस्था लि.को करिव मध्यमा पर्नेगरी कार्यालय राख्ने स्थान खोजी कार्यालयको कार्यसञ्चालन गर्ने । | |
| ३ | कार्यक्षेत्र | ................ सहकारी संस्था लि., इटहरी ........को कार्यक्षेत्र साविकको इटहरी | हाललाई दुवै संस्थाको कार्यक्षेत्र एकिकरण गरि कार्यक्षेत्र कायम गर्ने र कार्यक्षेत्र भित्र सेवा सञ्चालन नभएका वडाहरु कार्यक्षेत्र | |

| | | | | |
|---|---|---|---|---|
| | | नगरपालिका.............. (हालको इटहरी उपमहानगरपालिका वडा नं. ........................... तथा ................... तथा ऋृण सहकारी संस्था लि., इटहरी .................. को कार्यक्षेत्र साविकको इटहरी नगरपालिका .....................(हालको इटहरी उपमहानगरपालिका वडा नं. ...................... लाई एकिकरण गरि ..................... वचत तथा ऋृण सहकारी संस्था लि., इटहरी .... को कार्यक्षेत्र इटहरी उपमहानगरपालिका वडा नं. ..........................................कायम गर्ने | बाट हटाउने तथा अन्य वडामा कार्यक्षेत्र थप गर्नुपर्ने देखिएमा नियामक निकायबाट स्वीकृति लिई कारोवार सञ्चालन गर्ने । | |
| ४ | विनियम | ................... सहकारी संस्था लि.र ......... ... सहकारी संस्था लि., एकिकृत भएपछि आवश्यक संसोधन सहित .............सहकारी संस्था लि. को विनियम स्वीकृत गर्ने । | ................. .. सहकारी संस्था लि.को विनियम .....................लाई आवश्यक संसोधन सहित स्वीकार गरिने । | |
| ५ | शेयर रकम | ................. सहकारी संस्था लि. र .................... सहकारी संस्था लि.को शेयर रकम एकिकृत गर्ने । आ.ब. .........,.........महिनको अषाढ मसान्त सम्म को एकिकृत हुन आउने रकम पनि संयुक्त रुपमा समावेश गरिने । | ..................सहकारी संस्था लि. र ........................सहकारी संस्था लि.को पछिल्लो ले.प. प्रतिवेदन अनुसार शेयर रकम जम्मा गरि संस्थामा समावेश गर्ने ।<br>१................ सहकारी संस्था लि.को शेयर पूँजी......................<br>२. .............. सहकारी संस्था लि.को शेयर पूँजी..........<br>३. जम्मा शेयर पुँजी रु................. | |

| | | | | |
|---|---|---|---|---|
| ६ | संस्थाको कोषहरु : | .................... सहकारी संस्था लि. र .......................... सहकारी संस्था लि.को कोषको रकम एकिकृत गरि समावेश गर्ने । वितरण गर्न मिल्ने कोषहरु सदस्यहरुलाई वितरण गर्ने नमिल्ने कोषहरु यथावत राखि एकिकृत गर्ने ।यसरी एकिकृत गरेपछि नियम अनुसार कोषको उपयोग गर्ने । | वितरण गर्न मिल्ने आ-आफ्ना कोषहरु .................. सहकारी संस्था लि. र ....................... सहकारी संस्था लि.का शेयर सदस्य तथा कर्मचारीहरुलाई छुट्टाछुट्टै रुपमा वितरण गर्ने र बाँकी कोषहरु नियमानुसार ................................. सहकारी संस्था लि.ले उपयोग गर्ने ।<br>(१)वितरण गर्न मिल्ने कोषहरुको विवरण:<br>(क) संस्थाको नाम : ..........................सहकारी संस्था लि., इटहरी .......<br>(१) शेयर लाभांस कोष :<br>(२) संरक्षित पुँजी फिर्ता कोष :<br>(३) कर्मचारी बोनस कोष :<br>जम्मा :<br>(ख) संस्थाको नाम : ............................. सहकारी संस्था लि.<br>(१) शेयर लाभांस कोष :<br>(२) संरक्षित पुँजी फिर्ता कोष :<br>(३) कर्मचारी बोनस कोष :<br>जम्मा :<br>(२) वितरण नगरि एकिकृत गरि राख्नुपर्ने कोषहरु :<br>(क) संस्थाको नाम: .............................. सहकारी संस्था लि.<br>(१) जगेडा कोष :<br>(२) सहकरी शिक्षाकोष :<br>(३) घाटापूर्ति कोष:<br>(४) सहकारी विकास कोष:<br>(५) सामुदायिक विकास कोष:<br>(६) स्थीरीकरण कोष :<br>(७) सहकारी प्रवर्द्धन कोष :<br>(८) अन्य जोखिम कोष :<br>(९) ऋण जोखिम कोष : | |

| | | | | |
|---|---|---|---|---|
| | | | (१०) अन्य कोष :<br>जम्मा :<br>(ख) संस्थाको नामः .................................. सहकारी संस्था लि.<br>(१) जगेडा कोष :<br>(२) सहकरी शिक्षाकोष :<br>(३) घाटापूर्ति कोषः<br>(४) सहकारी विकास कोषः<br>(५) सामुदायिक विकास कोषः<br>(६) स्थीरीकरण कोष :<br>(७) सहकारी प्रवर्द्धन कोष :<br>(८) अन्य जोखिम कोष :<br>(९) ऋण जोखिम कोष :<br>(१०) अन्य कोष :<br>जम्मा :<br>(३) एकिकृत भइ राखिएको कोष :<br>संस्थाको नामः ........................................ सहकारी संस्था लि.<br>(१) जगेडा कोष :<br>(२) सहकरी शिक्षाकोष :<br>(३) घाटापूर्ति कोषः<br>(४) सहकारी विकास कोषः<br>(५) सामुदायिक विकास कोषः<br>(६) स्थीरीकरण कोष :<br>(७) सहकारी प्रवर्द्धन कोष :<br>(८) अन्य जोखिम कोष :<br>(९) ऋण जोखिम कोष :<br>(१०) अन्य कोष :<br>जम्मा कोष : | |

| | | | | |
|---|---|---|---|---|
| ७ | दायित्व | ......................... सहकारी संस्था लि. र ........................ सहकारी संस्था लि.को चुक्ता गर्नुपर्ने दायित्व एकिकरण पश्चात नै ............................... सहकारी संस्था लि., इटहरी ...... ले नै वहन गर्ने । | ....................... सहकारी संस्था लि.को दायित्व र ..................... .......सहकारी संस्था लि.को दायित्व एकिकृत गरि ............................... सहकारी संस्था लि., इटहरी ...... बाट फछ्र्यौट गर्ने । | |
| ८ | लगानी हिसाव | ............................ सहकारी संस्था लि. र ......................... सहकारी संस्था लि.को छाता संघहरुमा रहेको लगानी हिसाव एकिकृत गरि ............................ सहकारी संस्थाको नाममा कायम गर्ने । | निम्न लगानी हिसाव एकिकृत गरि ...........................सहकारी संस्था लि.को नाममा कायम गर्ने :<br>(क) संस्थाको नाम : ....................... सहकारी संस्था लि., इटहरी .....<br>१) जिल्ला सहकारी संघ सुनसरी<br>वचत रकम रु :<br>शेयर लगानी रु :<br>२) राष्ट्रिय सहकारी वैक :<br>वचत रकम रु :<br>शेयर रकम रु :<br>(ख) संस्थाको नाम : ............................ सहकारी संस्था लि., इटहरी .............<br>१) जिल्ला सहकारी संघ, सुनसरी<br>वचत रकम रु :<br>शेयर लागानी रु :<br>२) राष्ट्रिय सहकारी वैक<br>वचत रकम रु :<br>शेयर लगानी रु :<br>३) वचत तथा ऋण सहकारी संघ, सुनसरी<br>वचत रकम रु : | |

| | | | | |
|---|---|---|---|---|
| | | | शेयर रकम रु :<br>४) नेपाल वचत तथा ऋण केन्द्रिय सहकारी संघ<br>वचत रकम रु :<br>शेयर रकम रु :<br>लगानी एकिकृत गरि रहने रकम :<br>संस्थाको नाम : ............................... सहकारी संस्था लि., इटहरी ............<br>क) जिल्ला सहकारी संघ, सुनसरी<br>वचत रकम रु :<br>शेयर रकम रु :<br>ख) वचत तथा ऋण सहकारी संघ, सुनसरी<br>वचत रकम रु<br>शेयर रकम रु :<br>ग) राष्ट्रिय सहकारी वैक, सुनसरी<br>वचत रकम रु<br>शेयर रकम रु<br>घ) नेपाल वचत तथा ऋण केन्द्रिय सहकारी संघ<br>वचत रकम रु :<br>शेयर रकम रु<br>ङ) जम्मा रकम :<br>शेयर रकम रु :<br>वचत रकम रु : | |
| ९ | ऋण लगानी | ............................... सहकारी संस्था लि. र .......................... सहकारी संस्था लि.ले आफ्ना सदस्यहरुलाई लगानी गरेको ऋण रकम एकिकृत गरी ........................ संस्थामा समाबेश गर्ने । | ...................... सहकारी संस्था लि. र ........................सहकारी संस्था लि.एकिकृत भएपछि दूबै संस्थाका ऋणी सदस्यहरुले ...................................... सहकारी संस्था लि., को नाममा उक्त ऋण सार्ने व्यवस्था गर्ने । यसका लागि ............मसान्त सम्म समय दिने । व्याज मात्र बुझाएर ऋणी सदस्यहरुको ऋण ............................ सहकारी | |

| | | | | |
|---|---|---|---|---|
| | | | संस्था लि. बाट उपलब्ध गराउने व्यवस्था मिलाउने ।<br>(क) ......................... सहकारी संस्था लि.को<br>(१) ऋण रकम :<br>(२) पाउनु पर्ने ब्याज रकम :<br>(ख) .............................. सहकारी संस्था लि.को<br>(१) ऋण रकम :<br>(२) पाउनु पर्ने ब्याज रकम :<br>(ग) एकिकरण भएको ....................................सहकारी संस्था लि.को नाममा हुने एकिकृत रकम<br>(१) ऋण रकम :<br>(२) पाउनु पर्ने ब्याज रकम : | |
| १०. | बचत हिसाब | ......................... सहकारी संस्था लि. र ...................... सहकारी संस्था लि.का सबै खालका बचतहरु एकिकृत रुपमा समावेश गर्ने । | .........................सहकारी संस्था लि. र ......................... सहकारी संस्था लि.द्धारा सञ्चालित बचत कार्यक्रमहरु एकिकरण भई कायम हुने .......................................... सहकारी संस्था लि.का शेयर सदस्यहरुको नाममा समावेश गरी राख्ने ।<br>(क) ..................................... सहकारी संस्था लि.को<br>(१) मासिक नियमित बचत<br>(२) ऐच्छिक बचत<br>(३) आवधिक बचत<br>(४) बाल बचत<br>(५) ज्येष्ठ नागरिक बचत<br>(६) दैनिक बचत<br>(७) संस्थागत बचत<br>(८) कर्मचारी बचत<br>(९) खुत्रुके बचत<br>जम्मा बचत :<br>(ख) ...................................सहकारी संस्था लि. को<br>(१) मासिक नियमित बचत | |

| | | | | |
|---|---|---|---|---|
| | | | (२) ऐच्छिक बचत<br>(३) आवधिक बचत<br>(४) बाल बचत<br>(५) ज्येष्ठ नागरिक बचत<br>(६) दैनिक बचत<br>(७) संस्थागत बचत<br>(८) कर्मचारी बचत<br>(९) खुत्रुके बचत<br>जम्मा बचत :<br><br>(ग) एकिकरण भएको .............................. सहकारी संस्था लि.को नाममा हुने एकिकृत रकम<br>(१) मासिक नियमित बचत<br>(२) ऐच्छिक बचत<br>(३) आवधिक बचत<br>(४) बाल बचत<br>(५) ज्येष्ठ नागरिक बचत<br>(६) दैनिक बचत<br>(७) संस्थागत बचत<br>(८) कर्मचारी बचत<br>(९) खुत्रुके बचत<br>जम्मा बचत : | |
| ११. | सदस्यता | ..................... सहकारी संस्था लि. र ..................... सहकारी संस्था लि.दुबै संस्थाका सदस्यहरुलार्य एकिकृत संस्थामा समावेश गर्ने । | ......................... सहकारी संस्था लि. र ...................... सहकारी संस्था लि.का शेयर सदस्यहरुको सदस्यता एकिकरण भई कायम हुने .............................. सहकारी संस्था लि.मा कायम गर्दा प्रवेश मितिको आधारमा सदस्यता कायम गर्ने । | |

| | | | | |
|---|---|---|---|---|
| १२ . | नीतिहरु | संस्था सञ्चालन नीति लागुगर्ने सर्न्दभमा ………………… सहकारी संस्था लि. र ……………………… सहकारी संस्था लि.मा भएका एकै किसिमका नीतिहरु भए …………………….. सहकारी संस्था लि. का नीतिहरु लागु गर्ने र एकै किसिमका नभएका नीतिहरुका सर्न्दभमा भने एकिकरण भई कायम हुने ……………………… सहकारी संस्था लि.ले निर्माण गर्ने नयाँ नीतिहरुलाई नै एकिकृत संस्थाको नीतिका रुपमा लागु गर्ने । | हाल सञ्चालनमा रहेका निम्न नीतिहरु एकिकरण भई कायम हुने ……………………… सहकारी संस्था लि.कासञ्चालन नीतिका रुपमा कायम राखि संस्था संचालन गर्ने ।<br>(१)……………………<br>(२)………………………<br>(३)…………………………<br>(४)…………………….. | |
| १३ | बैक खाता तथा नगद जिम्मेवारी | ………………… सहकारी संस्था लि. र ……………………. सहकारी संस्था लि.को बैक कारोवार हस्तान्तरण गर्ने र नगद पनि दुवै संस्थाको एकिकृत गर्ने | दुवै संस्थाको वैक र नगद कारोवार एकिकृत गरि सञ्चालन गर्ने<br>क) ………………….. सहकारी संस्था लि., इटहरी ………<br>अ) बैक हिसाव<br>१) राष्ट्रिय सहकारी वैकको चल्ती खाता नं. ……………..मा रहेको बैक मौज्दात रु ……………….<br>२) ……………… बैक लि.,……….. को चल्ती खाता नं. ……………………..मा रहेको बैक मौज्दात रु :<br>आ) नगद मौज्दात रु :<br>१) सेफ (भल्ट) मा रहेको नगद :<br>२) सानो नगदी कोषमा रहेको नगद :<br>ख) …………………………. सहकारी संस्था लि., इटहरी ….<br>अ) बैक हिसाव<br>१) राष्ट्रिय सहकारी वैकको चल्ती खाता नं. ……………..मा रहेको बैक मौज्दात रु ……………….<br>२) एन. आइ.सिं एसिया बैक लि.,पचरुखी शाखा को चल्ती खाता नं. ……………………..मा रहेको बैक मौज्दात रु :<br>आ) नगद मौज्दात रु :<br>१) सेफ (भल्ट) मा रहेको नगद : | |

| | | | | |
|---|---|---|---|---|
| | | | २) सानो नगदी कोषमा रहेको नगद :<br>ग) एकिकृत भई ................................. सहकारी संस्था लि., इटहरी ......<br>अ) बैक हिसाव<br>१) राष्ट्रिय सहकारी वैकको चल्ती खाता नं. .................मा रहेको बैक मौज्दात रु ..................<br>२) ..................... बैक लि.,........ शाखा को चल्ती खाता नं. ..........................मा रहेको बैक मौज्दात रु :<br>आ) नगद मौज्दात रु :<br>१) सेफ (भल्ट) मा रहेको नगद :<br>२) सानो नगदी कोषमा रहेको नगद : | |
| १४ | संस्था सञ्चालन प्रक्रिया | .............. सहकारी संस्था लि. र .............................सहकारी संस्था लि.दुवै संस्थाका वर्तमान सञ्चालक, लेखा तथा सुपरिवेक्षण समिति, सल्लाहकार समिति एवम् उपसमितिहरु मिलाएर विनियममा व्यवस्था भए बमोजिम वाँकी अवधि .............................सहकारी संस्था लि.को सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति,सल्लाहकार तथा उपसमिति अर्को निर्वाचन नहुन्जेल सम्मका लागि कायम गर्ने । | ..................... सहकारी संस्था लि. र ................. सहकारी संस्था लि.दुवै संस्थाका सञ्चालकहरुबाट सञ्चालक समिति...... जना, लेखा सुपरिवेक्षण समिति .......... जना तथा अन्य समिति, उपसमिति वाँकी अवधि सम्मका लागि गठन गरि कार्यगर्ने । | |
| १५ | लिनुदिनुपर्ने वाँकी ऋण तथा सम्पत्ति | ................ सहकारी संस्था लि. र ..................... सहकारी संस्था लि.दुवै संस्थाको एकिकरण गरि संयुक्त रुपमा राख्ने । | ...................... सहकारी संस्था लि. र ...................सहकारी संस्था लि.दुवै संस्थाले बुझाउनु पर्ने वाँकी ऋण संयुक्त रुपमा ............................. सहकारी संस्था लि.को नाममा स्थानान्तरण गरि बुझाउने र लिनुपर्ने भए पनि यहि कार्यविधी अपनाइ असुलउपर गर्ने ।<br>क) .............................. सहकारी संस्था लि., इटहरी......<br>१) तिर्नुपर्ने वाँकी ऋण : | |

| | | | | |
|---|---|---|---|---|
| | | | २)भुक्तानि दिनुपर्ने हिसाव<br>३) तिनुपर्ने हिसाव<br>४) ऋण लगानी<br>५) सापटी तथा अन्य<br>६) स्थिर सम्पत्ति<br>७) पाउनुपर्ने हिसाव<br>ख) ................................... सहकारी संस्था लि., इटहरी ....<br>१) तिर्नुपर्ने वाँकी ऋण :<br>२)भुक्तानि दिनुपर्ने हिसाव<br>३) तिनुपर्ने हिसाव<br>४) ऋण लगानी<br>५) सापटी तथा अन्य<br>६) स्थिर सम्पत्ति<br>७) पाउनुपर्ने हिसाव<br>ग) .................................. सहकारी संस्था लि., इटहरी.....<br>१) तिर्नुपर्ने वाँकी ऋण :<br>२)भुक्तानि दिनुपर्ने हिसाव<br>३) तिनुपर्ने हिसाव<br>४) ऋण लगानी<br>५) सापटी तथा अन्य<br>६) स्थिर सम्पत्ति<br>७) पाउनुपर्ने हिसाव | |
| १६ | केन्द्रिय/जिल ला /विषयगत संघको प्रतिनिधी | ......................... सहकारी संस्था लि.बाट ............ सहकारी संघ लि., ..........मा प्रतिनिधीत्व गर्ने श्री ....................ेलाई .................... ........... सहकारी संस्थाको तर्फवाट पनि निरन्तरता दिने । | ........................ सहकारी संस्था लि.बाट.................. लि., ............मा प्रतिनिधीत्व गर्ने श्री ................................ेलाई .......................... सहकारी संस्थाको तर्फवाट पनि निरन्तरता दिने । | |
| १७ | कर्मचारी | .............................. सहकारी संस्था लि. र | एकिकृत ....................................... सहकरी संस्था लि., | |

| | | | | |
|---|---|---|---|---|
| | | .............................. सहकारी संस्था लि.दुवै संस्थाका कर्मचारीहरुलाई कामकाज लगाउने । | इटहरी ...... मा देहाय बमोजिम कर्मचारीहरुको पद तथा कार्यविभाजन गर्ने :<br>व्यवस्थापक :...........................<br>स-व्यवस्थापक : ........................<br>कार्यालय सहायक : .......................<br>नगद सहायक : ........................ | |
| १८ | पान नं. | ....................................... सहकारी संस्था लि,इटहरीको पान नं....................... स्वीकार गर्ने र ...................... सहकारी संस्था लि.को पान नं. खारेज गर्ने । | .................................... सहकारी संस्था लि., इटहरी .... को आन्तरिक राजस्व कार्यालयमा दर्ता गराउने साथै त्यसका लागि ......................... सहकारी संस्था लि.को पान नं. ................ लाई प्रयोग गर्ने । .................. सहकारी संस्था लि.को पान नं. ...................लाई खारेज गर्न आन्तरिक राजस्व कार्यालयलाई अनुरोध गर्ने । | |
| १९ | नगद र ढुकुटीको विमा गर्ने | एकिकृत ......................................... सहकारी संस्थाको नगद र ढुकुटी ( सेफ) को विमा गराइ सञ्चालन गर्ने । | उपयुक्त विमा कम्पनि सँग आवश्यक सम्झौता गरि नगदी र ढुकुटी विमा गर्ने व्यवस्था मिलाउने । | |
| २० | एकिकरण पछिको विवाद सम्वन्धि | एकिकरण पश्चात कुनै विषयमा विवाद उठेमा मिलाउन पाँच सदस्यिय समिति निर्माण गर्ने र विवादको टुंगो लगाउने । | विवाद समाधान समितिमा ........................ सहकारी संस्था लि. र ....................... सहकारी संस्था लि.का निम्न सदस्यलाई जिम्मेवारी दिने र समितिले गरेको निर्णय सञ्चालक समितिले अनुमोदन गरेपछि लागु हुने गरी निर्णय गर्ने :<br>१.संयोजक :<br>२.सदस्य :<br>३. सदस्य :<br>४. सदस्यः<br>५. सदस्य<br>समितिले आफनो कार्यविधी आफै तयार गर्ने छ । | |
| २१ | विनियममा संसोधन र परिमार्जन | .................................. सहकारी संस्थाको विनियम हालको अवस्थामा कतिपय विषयहरु थपघट परिमार्जन गरि समयानुकुल बनाउनु | विनियम संसोधन र परिमार्जन गर्दा निम्न समिति निर्माण गरि जिम्मेवारी दिने :<br>१. संयोजक | |

| | | | | |
|---|---|---|---|---|
| | गर्ने समिति | पर्ने भएकोले व्यापक अध्ययन परिमार्जन गर्न ………… सदस्यीय समितिलाई जिम्मा दिने । | २. सदस्य :<br>३. सदस्य :<br>४. सदस्य :<br>५. सदस्य : | |

…………………………… ………………………

अध्यक्ष अध्यक्ष

……………………………… सहकारी संस्था लि., इटहरी….. ………………………… सहकारी संस्था लि., इटहरी……

संस्थाको छाप संस्थाको छाप

समायोजन कार्यदलका सदस्यहरु :

१. श्री ………………………………….

२ श्री …………………………………..

३. श्री …………………………………..

४. श्री ………………………………….

अनुसूची २

(दफा १० को उपदफा (२) र दफा १२ को उपदफा (१) को खण्ड (छ) संग सम्बन्धित)

श्रीमान् प्रमुख ज्यू ,

इटहरी उपमहानगरपालिका सहकारी शाखा

इटहरी, सुनसरी ।

विषयः- एकिकरण गर्न स्वीकृति पाउँ ।

महोदय,

इटहरी उपमहानगरपालिकाको सहकारी ऐन २०७५ बमोजिम संचालन भै आएका तपसिल बमोजिमका संस्था एकिकरण गर्न सम्पुर्ण प्रकिया पुरा भएकाले एकिकरणको लागि तोकिएको आवश्यक कागजात सहित यो निवेदन पेश गरेका छौं । अत : उपरोक्त संस्थाहरु एकिकरण गरी पाउन अनुरोध गर्दछौं ।

आवश्यक कागजात थान..........संलग्न छन् ।

भवदिय,

| | |
|---|---|
| .................................. सहकारी संस्था लि.<br>(संस्थाको तर्फबाट आधिकारिक व्यक्ति)<br>नामः<br>पदः<br>संस्थाको नामः<br>ठेगानाः<br>टेलिफोन नं.<br>फ्याक्स नं.<br>इमेल ठेगानाः<br>मितिः<br>संस्थाको छापः | .............................. सहकारी संस्था लि.<br>(संस्थाको तर्फबाट आधिकारिक व्यक्ति)<br>नामः<br>पदः<br>संस्थाको नामः<br>ठेगानाः<br>टेलिफोन नं.<br>फ्याक्स नं.<br>इमेल ठेगानाः<br>मितिः<br>संस्थाको छापः |